नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७७/०७८
चलानी नं.:-२६४

मितिः- २०७७/०९/२९

विषयः- किशोरीहरुलाई आईरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रमका लागि समन्वय गर्ने सम्बन्धमा।

श्री स्थानीय तह, (सबै)।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १७४ मिति २०७७/०९/१६ को किशोरीहरुलाई आईरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रमका लागि समन्वय गर्ने सम्बन्धी प्राप्त पत्र र कार्यविधि यसै पत्रसाथ संलग्न छ। सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई आवश्यक सहयोग र समन्वय गर्नुहुन आदेशानुसार अनुरोध छ।

....
जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थः
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा

फोन: ४- २२३५८० २६२६९६ २६९७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

पत्र संख्या:- (१) २०७७।७८
च.न ९८४

रामशाहपथ
काठमाडौं,नेपाल
मितिः २०७७/०९/१६

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

विषयः किशोरीहरुलाई आईरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रमका लागि समन्वय गरिदिने बारे ।

प्रस्तुत विषयमा परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभागको मिति २०७७/०९/१६ च.न. ५४२ को पत्रानुसार रक्तअल्पता न्यूनिकरणका लागि १०-१९ वर्षका किशोरीहरुलाई आईरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रमका रहेकाले प्रदेश तथा स्थानीय तहमा पत्रचारका लागि आवश्यक समन्वय गरिदिनहुन अनुरोध भई आएकाले सो हुन सहयोग समन्वय गरिदिनहुन निर्देशानुसार सादर अनुरोध छ । साथै अन्य विवरण यसैसाथ संलग्न उक्त महाशाखाको पत्र र कार्यविधिवाट अवगत हुन समेत अनुरोध छ ।

....
(प्रेम कुमार रसाईली)
शाखा अधिकृत

Scanned with CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा
टेकु, काठमाडौं, नेपाल ।

प.सं. २०७७/०७८
च.नं. ४८२

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मिति: २०७७/०९/१६

रामशाहपथ, काठमाडौं ।

विषय : किशोरीहरुलाई आइरन फोलिक एसिड चक्कि खुवाउने कार्यक्रम सम्बन्धमा पत्राचार गरिदिने बारे ।

प्रस्तुत विषयमा यस महाशाखाको पोषण शाखाको नेतृत्वमा विगत लामो समयदेखि पोषण अवस्था सुधारका लागि पोषण विशेष कार्यक्रमहरु सञ्चालनमा रहेको विदितै छ । यसै सन्दर्भमा किशोरीहरुमा हुने रक्तअल्पता न्यूनीकरणका लागि विद्यालय जाने १० देखि १९ वर्षसम्मका किशोरीहरुलाई विद्यालयमार्फत र विद्यालय नजाने किशोरीहरुलाई महिला स्वास्थ्य स्वयम् सेविकाहरुमार्फत साप्ताहिक रुपमा आइरन फोलिक एसिड चक्कि खुवाउने कार्यक्रम चालु आर्थिक वर्षदेखि सबै स्थानीय तहहरुमा सञ्चालन गर्ने बजेटमा व्यवस्था भएको हुदा तपशिलमा उल्लेखित बुदाहरुमा आधारित रहेर किशोरीहरुलाई आइरन फोलिक एसिड खुवाउने कार्यक्रम अनिवार्य सञ्चालन गर्न सम्बन्धित मन्त्रालयमार्फत **सबै स्थानीय तहहरुमा** पत्राचार गरिदिनु हुन अनुरोध छ ।

तपशिल :

१. सबै स्थानीय तहका प्रत्येक विद्यालयका १० देखि १९ वर्षका किशोरीहरुलाई आइरन फोलिक एसिड चक्कि खुवाउने ।
२. आइरन फोलिक एसिड चक्कि खुवाउदा **साउन, भदौ र असोज** गरि तीन महिना (१३ हप्ता) खुवाउने, कार्तिक, मंसिर र पौषमा (१३ हप्ता) नखुवाउने, फेरि **माघ, फागुन र चैत्र** गरि तीन महिना (१३ हप्ता) खुवाउने र वैशाख, जेष्ठ, असार (१३ हप्ता) गरि तीन महिना नखुवाउने ।
३. विद्यालय नजाने किशोरीहरुलाई महिला स्वास्थ्य स्वयम् सेविकाहरुमार्फत साप्ताहिक रुपमा आइरन फोलिक एसिड चक्कि खुवाउने ।
४. आइरन फोलिक एसिड चक्किको आपुर्तीका लागि सम्बन्धित विद्यालयले नजिकको स्वास्थ्य संस्थासंग माग गर्ने सम्बन्धित स्वास्थ्य संस्थाले स्वास्थ्य आपुर्ती व्यवस्थापनको नियमित प्रक्रियाअनुसार माथिल्लो निकायमा माग गर्ने ।
५. विद्यालयले तोकिएको ढांचामा अभिलेख राखि प्रतिवेदन तयार पारि स्वास्थ्य संस्था तथा पालिकामा मासिक रुपमा बुझाउने ।
६. उक्त अवसरमा आइरनयुक्त खानाको उपभोग, खाद्य विविधता, सरसफाईलगायतका पोषणसम्वन्धी विषयमा परामर्श दिने ।
७. विस्तृत जानकारीका लागि उक्त कार्यक्रमसम्बन्धी निर्देशिका यसै साथ संलग्न छ ।

केदारराज परुजुली
प्रमुख, पोषण शाखा
शाखा प्रमुख

Scanned with CamScanner

(किशोरकिशोरीहरुका लागि पोषण कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ पेज नं. २०–२४, ४१–४८ बाट साभार गरिएको)

किशोरीहरुलाई साप्ताहिक आईरन फोलिक एसिड खुवाउने कार्यक्रम

१. पृष्ठभुमि

नेपालमा रक्तअल्पताको दर उच्च छ । नेपाल सूक्ष्म पोषक तत्व सर्भेक्षण, २०१६ अनुसार नेपालका ३२ प्रतिशत किशोर किशोरीहरुमा न्यूनपोषणको समस्या छ भने, २१ प्रतिशत किशोरी तथा ११ प्रतिशत किशोरहरुमा रक्तअल्पता छ । यी उमेर समूहका ४८ प्रतिशत किशोर र ४३ प्रतिशत किशोरीहरुले न्यूनतम खाद्य विविधता भएको आहार दैनिक रुपमा खाइरहेका छन् । किशोरावस्थामा, विशेष गरी किशोरीहरुमा, यो तहको कुपोषण देखिनु जीवनचक्रमा आधारित पोषणको हिसाबले अत्यन्तै गम्भिर समस्या हो, जसको प्रभाव यस्ता किशोर किशोरीहरु र उनीहरुबाट पछि जन्मिने बालबालिकाहरुमा दीर्घकालिन रुपले पर्दछ ।

किशोरावस्थामा हुने रक्तअल्पताको समस्यालाई सम्बोधन गर्न नेपाल सरकारले किशोरीहरुका लागि आइरन तथा फोलिक एसिड खुवाउने सम्बन्धी कार्यक्रम तर्जुमा गरि लागु गरिरहेको छ । आ.व २०७२/७३ देखी विद्यालय जाने किशोरीहरुलाई विद्यालय मार्फत र विद्यालय नजाने किशोरीहरुलाई स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयं सेविका मार्फत साप्ताहिक रुपमा आइरन चक्कि खुवाउने कार्यक्रम ८ वटा जिल्लाहरुबाट पाइलटिङ गर्दै शुरु गरेको थियो । यस कार्यक्रम आ.व. २०७५/०७६ सम्म ४१ जिल्लामा लागू भइसकेको छ भने आगामी आव (आव२०७७/७८) सम्ममा सबै जिल्लाका सबै स्थानीय तहहरुमा लागु गरिने लक्ष्य लिइएको छ ।

साप्ताहिक रुपमा आइरन तथा फोलिक एसिड वितरण प्रणालीलाई विश्व स्वास्थ्य संगठनले सिफारिस गर्नुका साथै यसलाई 'कम लागतमा बढि उत्पादकत्व तथा प्रभावकारी रुपमा र कम अवाञ्छनीय असर (side-effects) का साथ समुदाय तहमा सहजै व्यवस्थापन गर्न सकिने रोकथाम मूलक पद्धति' भनि उल्लेख गरेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार आईरन फोलिक एसिड वितरणको लागि आईरन ६० मि.ग्रा. र फोलिक एसिड २.८ मि.ग्रा. साप्ताहिक खुवाउनु पर्ने साथै ३-३ महिनाको अन्तरालमा हरेक हप्ता एक मात्रा गरी ३ महिना सेवन गर्नुपर्ने हुन्छ । तर, हरेक देशको आ-आफ्नो अवस्था अनुसार यस मात्रा र कार्यक्रममा फरक पर्न सक्ने भनिएको छ । यसका आधारमा नेपाल सरकारले मुलुकको वस्तुगत अवस्था तथा आवश्यकताअनुसार किशोरीहरुलाई आइरन तथा फोलिक एसिड चक्कि वितरणसम्बन्धी देहाय बमोजिमको पद्दती अबलम्वन गरेको छ :

आइरन फोलिक एसिडको परिमाण :	आईरन ६० मि.ग्रा. र फोलिक एसिड ४०० मा.ग्रा. ।
खुवाउने पटक :	हप्तामा १ पटक ।
खुवाउने अवधि र अन्तराल :	१३ हप्ता खुवाएपछि १३ हप्ता नखुवाउने र फेरि १३ हप्ता खुवाउने, १३ हप्ता नखुवाउने । यसरी बर्षभरिमा २६ हप्तामा २६ चक्कि खुवाउने ।

नेपालमा किशोरीहरुमा रक्त अल्पताको दर उच्च रहेको अवस्थालाई दृष्टिगत गरि किशोरीहरुलाई आइरन तथा फोलिक एसिड वितरण कार्यक्रम सञ्चालन गरिदै आएको छ । यस कार्यक्रम अन्तरगत सेवा प्रदायकहरूले किशोरीहरूलाई आइरन फोलिक एसिड चक्कि खुवाउनुको साथै तोकिएको समयमा तोकिएको मात्रामा जुकाको औषधि (अल्वेन्डाजोल) पनि खुवाउनु पर्दछ । किशोरीहरूलाई आइरन फोलिक एसिड खुवाउने कार्यक्रम स्वास्थ्य मन्त्रालय र शिक्षा मन्त्रालय बीचको सहकार्यमा कार्यान्वयन भैरहेको 'विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम' कै एक अभिन्न अंग हो । राष्ट्रिय तथ्याङ्क अनुसार नेपालमा करीव ३० प्रतिशत किशोरकिशोरीहरु विद्यालय भर्ना भएका छैनन् । तसर्थ, विद्यालय जाने तथा नजाने सवै किशोरीहरूलाई समेटिने उद्देश्यले यो कार्यक्रम देहायका रणनीति बमोजम कार्यान्वयन गरिनेछ :

- विद्यालय जाने किशोरीहरूलाई लागि विद्यालयहरू मार्फत खुवाउने,
- विद्यालयन नजाने किशोरीहरूलाई स्वास्थ्य केन्द्र तथा महिला स्वास्थ्य स्वयंसेविका मार्फत समुदायस्तर मै खुवाउने,
- विद्यालय जाने किशोरीहरूद्वारा दौंतरी शिक्षा मार्फत विद्यालय नजाने किशोरीहरूलाई आइरन तथा फोलिक एसिड खानुपर्ने आवश्यकता बारे परामर्श दिने ।
- किशोरहरुलाई आइरनयुक्त खानेकुरा खान आवश्यक पोषण परामर्श सेवा दिने ।

२. लक्षित वर्ग

यस कार्यक्रमको लक्षित वर्ग १० देखि १९ वर्ष उमेर समूहका सवै किशोरीहरू हुन् र कार्यक्रम कार्यान्वयन ढाँचा तथा सेवा प्रवाह संयन्त्र अनुरुप तिनलाई निम्न दुई समूहमा वर्गीकरण गरिएको छ :

(क) सार्वजनिक/निजी विद्यालयहरूमा भर्ना भएका १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरू र

(ख) विद्यालय नजाने १० देखि १९ बर्षसम्मका किशोरीहरू ।

३. आइरन तथा फोलिक एसिड चक्कि खुवाउने प्रणाली

रक्तअल्पता कम गर्न कम्बोडिया, इजिप्ट, भारत, लाओस, फिलिपिन्स र भियतनाम लगायत विभिन्न मुलुकहरूमा किशोरीहरूमा साप्ताहिक आइरन तथा फोलिक एसिड वितरण कार्यक्रम सफलतापूर्वक कार्यान्वयन भएको छ । मुलुकको परिस्थिति अनुसार वितरण गरिएको आईरन र फोलिक एसिडको मात्रा विभिन्न देशहरुमा फरक-फरक छन् । नेपालले पनि विश्व स्वास्थ्य संगठनको सिफारिसलाई आधार मानी हालको आवश्यकतालाई मध्यनजर राखी व्यवहारिक रुपमा र

आपूर्ति व्यवस्थानमा सहज हुने गरी १०-१९ बर्षका किशोरीहरुलाई देहाय बमोजिमको प्रणालीमा रहेर किशोरीहरुलाई आइरन तथा फोलिक एसिड वितरण कार्यक्रम कार्यन्वयन गरिरहेको छ :

तालिका : साप्ताहिक आइरन तथा फोलिक एसिड वितरण प्रणाली

विवरण	विद्यालय जाने किशोरीहरूका लागि	विद्यालय नजाने किशोरीहरूका लागि
आइरन फोलिक एसिड मात्रा	एलिमेन्टल आइरन - ६० मिलीग्राम फोलिक एसिड - ४०० माइक्रोग्राम	एलिमेन्टल आइरन - ६० मिलीग्राम फोलिक एसिड - ४०० माइक्रोग्राम
कति खुवाउने	प्रतिहप्ता एक मात्रा	प्रतिहप्ता एक मात्रा
खुवाउने अवधि र अन्तराल	पहिलो १३ हप्ता खुवाउने, त्यसपछि १३ हप्ता नखुवाउने, फेरि १३ हप्ता खुवाउने र फेरि १३ हप्ता नखुवाउने । यसरी वर्षमा २६ हप्तामा २६ चक्कि खुवाउने ।	पहिलो १३ हप्ता खुवाउने, त्यसपछि १३ हप्ता नखुवाउने, फेरि १३ हप्ता खुवाउने, र फेरि १३ हप्ता नखुवाउने । यसरी बर्षमा २६ हप्तामा २६ चक्कि खुवाउने ।
लक्षित समूह	विद्यालय जाने सबै १० देखि १९ बर्षका किशोरीहरू	विद्यालय नजाने वा जान छाडेका सबै १० देखि १९ बर्षका किशोरीहरू
खुवाउने स्थान	विद्यालय	समुदाय, वडा, स्वास्थ्य संस्था
जिम्मेवार व्यक्ति	कक्षा शिक्षक, स्वास्थ्य शिक्षा पढाउने शिक्षक, प्रधानाध्यापक	महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मी । जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरु (आवश्यक समन्वय तथा सहयोगका लागि)
खुवाउने दिन	विद्यालयको अनुकुलता अनुसार सबै किशोरीहरुलाई समेटिने गरी हप्ताको कुनै एक दिन खुवाउने र हरेक हप्ता त्यही दिन मात्र खुवाउने । उदाहरणको लागि यदि आईतबार खुवाउने हो भने सधैं आईतबार मात्रै खुवाउने ।	महिला स्वास्थ्य स्वयंसेविका वा स्वास्थ्यकर्मीको अनुकुलतानुसार सबै किशोरीहरुलाई समेटिने गरी हप्ताको कुनै एक दिन खुवाउने र हरेक हप्ता त्यही दिन मात्र खुवाउने । उदाहरणको लागि यदि आईतबार खुवाउने हो भने सधैं आईतबार मात्रै खुवाउने ।

माथि तालिकामा उल्लेख गरिए बमोजिम किशोरीहरुलाई एक पटकमा १३ हप्ता गरी बर्षको दुई पटकमा जम्मा २६ वटा आईरन फोलिक एसिड चक्कि खुवाउनु पर्दछ । यसको लागि मुलुकको भौगोलिक अवस्थाअनुसार विद्यालयहरुमा हुने गर्मी तथा जाडो बिदाको समय, साथै विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत विद्यार्थीहरुलाई बर्षको दुई पटक (जेठ र मंसिर) जुकाको औषधि खुवाउने समय समेतलाई मध्यनजर गरी **नेपालमा प्रत्येक बर्ष श्रावण र माघ महिनाको पहिलो हप्ताबाट किशोरीहरुलाई आईरन फोलिक एसिड खुवाईने छ** । यसरी हरेक किशोरीलाई लगातार १३ हप्ता सम्म

खुवाउने र १३ हप्ता नखुवाउने गरी बर्षको २ पटकमा २६ वटा आईरन फोलिक एसिड चक्कि निम्नानुसार खुवाउनु पर्नेछ ।



चित्र : किशोरीलाई आईरन फोलिक एसिड खुवाउने समय तालिका

४. कार्यक्रम कार्यान्वयन ढाँचा

रक्तअल्पताको उच्च दर तथा यसबाट किशोरीहरुको जीवन चक्रका साथै उनीहरुको अन्तर पुस्तासम्मलाई पर्न सक्ने स्वास्थ्य तथा पोषण सम्बन्धी असरहरुलाई न्यूनीकरण गर्नको लागि यस कार्यक्रमले सबै किशोरीहरुलाई समेट्नु अति आवश्यक छ । हाल विद्यालय स्वास्थ्य तथा पोषण कायक्रम मार्फत स्वास्थ्य तथा पोषण सम्बन्धी गतिविधिहरुमा विद्यालय जाने उमेरका सबै किशोरीहरुलाई समेटिएको छ । तथापि, तथ्यांकहरु अनुसार नेपालमा अझै पनि एक तिहाई भन्दा बढि (२९ प्रतिशत) छात्राहरु विद्यालय भर्ना भएका छैनन् भने भर्ना भएकाहरु मध्ये पनि १० देखि १९ बर्ष उमेर समूहमा विद्यालय हाजिरी दर कम छ । तसर्थ, लक्षित वर्गका सबै किशोरीहरुलाई समेटिने गरी यो कार्यक्रम तलको चित्र मा देखाएबमोजिम दुई किसिमको सेवा प्रवाह संयन्त्र मार्फत सञ्चालन गरिने छ, जस अनुसार विद्यालय जाने किने किशोरीहरुलाई विद्यालय मार्फत र विद्यालय नजाने किशोरीहरुलाई महिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्य संस्थाहरु मार्फत आईरन फोलिक एसिड चक्कि खुवाईनेछ ।



५. किशोरीहरुलाई आईरन फोलिक एसिड चक्कि खुवाउँदा ध्यान दिनुपर्ने कुराहरु

आईरन फोलिक एसिड चक्कि खुवाउनु भन्दा अगाडि किशोरी तथा अभिभावकहरुलाई अनिवार्य रुपमा निम्न लिखित कुराहरुको जानकारी दिनुपर्दछ ।

१. किशोरावस्थामा आईरन फोलिक एसिडको महत्व किन हुन्छ र यसको कमी भएमा किशोरीहरुको स्वास्थ्य र पोषणमा के कस्ता हानी हुन सक्छन भन्ने बारे जानकारी दिने ।

२. किशोरीहरुलाई प्रत्यक्ष निगरानीमा आइरन फोलिक एसिड चक्कि खुवाउनु पर्दछ र उनीहरुले चक्कि निलेको ननिलेको एकिन गर्नु पर्दछ ।

३. आइरन फोलिक एसिड एक गिलास पानीसंग खुवाउनु पर्दछ ।

४. सकेसम्म आईरन फोलिक एसिड चक्कि खुवाउने मिति तय गर्दा प्रत्येक हप्ताको एउटै दिन (बार) र एकै समयमा खुवाउनु पर्दछ । उदाहरणको लागि यदि आईतबार खुवाउने हो भने सधैं आईतबार मात्रै खुवाउने ।

५. आइरन फोलिक एसिड चक्कि खुवाउँदा खाना खाएको करिव १ घण्टा पछि खुवाउनु पर्दछ । त्यसका लागि विद्यालय सुरु भएपछि दिनको पहिलो कक्षा मै खुवाउने व्यवस्था मिलाउनु पर्दछ ।

७. आईरन फोलिक एसिड चक्कि खाएपछि कसै कसैलाई सामान्य असरहरु (जस्तै: वाकवाकी लाग्ने, छाती पोल्ने, कब्जियत हुने, कालो दिसा आउने आदि) देखिन सक्ने सम्भावना हुन्छ, तर ती असरहरु सामान्य हुन र केहि दिन पछि आफै ठिक हुन्छन । यद्यपि किशोरीहरुलाई जटिल स्वास्थ्य समस्या भएको खण्डमा नजिकैको स्वास्थ्य चौकी वा अस्पतालमा गएर सल्लाह लिन सुझाव दिनु पर्दछ ।

८. लामो समय सम्म विद्यालय बिदा (विद्यालय जाने किशोरीहरुको लागि) भएको समयमा, वा किशोरीहरु अन्त कतै जाने भएमा पनि आईरन फोलिक एसिड खान छुटाउनु हुँदैन ।

९. यदि कुनै किशोरी गर्भवति भएको शंका लागेमा तत्काल स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्दछ ।

१०. संक्रमण भएको अवस्थामा सम्वन्धित चिकित्सकको राय अनुसार मात्र आइरन फोलिक एसिड चक्कि दिनु पर्दछ ।

६. अभिलेख तथा प्रतिवेदन

कार्यक्रमको तोकिएको ढाँचामा नियमित अभिलेख राखि प्रतिवेदन तयार गरी सम्वन्धित निकायहरुमा बुझाउनु पर्दछ । अभिलेख तथा प्रतिवेदन फारमहरु, अभिलेख तथा प्रतिवेदन राख्ने तरिका बारेको जानकारी अनुसुची १–५ मा दिइएको छ ।

अनुसुची १
महिला स्वास्थ्य स्वयम् सेविकाको लागि अभिलेख फाराम

फाराम नं. १.

किशोरीहरुलाई आईरन फोलिक एसिड वितरण कार्यक्रम
महिला स्वास्थ्य स्वयम् सेविकाको लागि अभिलेख फाराम

महिला स्वास्थ्य स्वयम् सेविकाको नाम :............................ प्रदेश :.....................

महा/उप/न.पा/गाँउपालिकाको नाम.:......................... वडा नं.:...

वडा भित्र विद्यालय नजाने किशोरीहरुको संख्या:

साल:..........

क्र.सं.	किशोरीको नाम	उमेर समूह (बर्षमा)		पहिलो चरण (श्रावण देखि असोज सम्म)													१३ हप्ता खाएको	दोश्रो चरण (माघ देखि चैत्र सम्म)													२६ हप्ता खाएको	कैफियत
				हप्ता														हप्ता														
		१०-१४	१५-१९	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३		
जम्मा																																

फाराम नं. १.१

अभिलेख फाराम भर्ने तरिका :

१. यो फाराम महिला स्वास्थ्य स्वयम् सेविकाले आफ्नो वडामा रहेका विद्यालय नजाने किशोरीहरुलाई आईरन फोलिक एसिड खुवाएको बारेमा अभिलेख राख्ने फारामहो ।

२. प्रत्यक चरण (श्रावण देखि असोज सम्म वा माघ देखि चैत्र सम्म) को वितरण कार्य सकिएपछि महिला स्वास्थ्य स्वयम् सेविकाले यो फाराम सम्वन्धित स्वास्थ्य संस्थामा देखाई प्रतिवेदन बुझाउने महिला स्वास्थ्य स्वयम् सेविकाले प्रतिवेदन बुझाउनको लागि छुट्टै फाराम भर्न जरुरी छैन ।

३. स्वास्थ्य संस्थाले प्रत्येक चरणको वितरण पछि महिला स्वास्थ्य स्वयम् सेविकाबाट नियमित प्रतिवेदन लिने समयमा यस फारामबाट तथ्याँक स्वास्थ्य संस्था/पालिका स्तरीय प्रतिवेदन फाराम उतार गर्ने र यो फाराम अर्को चरणको वितरणको लागि म.स्वा.स्व.से. सँग नै रहन दिने ।

४. उमेर समूह (बर्षमा) भन्ने महलमा किशोरीको पूरा भएको उमेर लेख्ने र पहिलो पटक नामदर्ता गर्दा खेरि कति बर्ष पूरा भएको हो, सो उमेरलाई आधार मानी सम्वन्धित कोष्ठमा √मार्क लगाउने

४.क. '१०-१४ बर्ष': १० बर्ष पूरा भएदेखि १४ बर्ष ११ महिना ३० दिन सम्मको किशोरीहरु (९ बर्ष ११ महिना ३० दिन भन्दा कम उमेरका किशोरीहरुलाई कार्यक्रममा समावेश नगर्ने)

४.ख.'१५-१९ बर्ष': १४ बर्ष पूरा भएदेखि १८ बर्ष ११ महिना २९ दिन सम्मको किशोरीहरु (१९ बर्ष भन्दा माथिका किशोरीहरुलाई कार्यक्रममा समावेश नगर्ने)।

५. 'श्रावण देखि असोज सम्म' महलको हप्ता अन्तर्गतको १३ वटा महलहरुमा १ देखि १३ लेखिएको महलहरुमा किशोरीले आईरन फोलिक एसिड चक्कि खाएको हप्ता मुनिको कोष्ठमा √ मार्क लगाउने त्यसैगरी 'माघ देखि चैत्र सम्म'महल अन्तर्गतको १ देखि १३ हप्ता मुनिको कोष्ठमा पनि√मार्क लगाउने । यदि कारणवश किशोरीले कुनै हप्ता आईरन फोलिक एसिड चक्कि खान छुटेको छ भने सो हप्ता अन्तर्गतको कोष्ठमा '-' मार्क लगाउने ।

६. '१३ हप्ता खाएको महल' मा यदि किशोरीले पहिलो चरणमा हरेक हप्ता एक मात्रा खाएर पूरा १३ हप्ता खाएको छ भने √ मार्क लगाउने । अन्यथा '-'मार्क लगाउने ।

७. '२६ हप्ता खाएको महल' मा यदि किशोरीले पहिलो चरण र दोश्रो चरणमा हरेक हप्ता एक-एक मात्रा खाएर पूरा २६ हप्ता खाएको छ भने √मार्क लगाउने । अन्यथा'-'मार्क लगाउने ।

८. जम्मा महलको लाइनमा निम्न महलहरुको जम्मा संख्या लेख्ने:

८.क. उमेर समूहको १०-१४ र १५-१९ बर्षका किशोरीहरुको छुट्टा छुट्टै जम्मा संख्या,

८.ख. १३ हप्ता खाने किशोरीहरुको जम्मा संख्या,

८.ग. २६ हप्ता खाने किशोरीहरुको जम्मा संख्या ।

अनुसुची २
स्वास्थ्य संस्थाको लागि अभिलेख फाराम

फाराम नं. १.२

किशोरीहरुलाई आईरन फोलिक एसिड वितरण कार्यक्रम
स्वास्थ्य संस्थाको लागि अभिलेख फाराम

स्वास्थ्य संस्थाको नाम :..............................

प्रदेश :......................

महा/उप/न.पा/गा.पा.:......................

वडा नं.:...

साल:..........

क. सं.	किशोरीको नाम	उमेर समूह (बर्षमा)		पहिलो चरण (श्रावण देखि असोज सम्म)													१३ हप्ताखाएको	दोश्रो चरण (माघ देखि चैत्र सम्म)													२६ हप्ता खाएको	कैफियत
				हप्ता														हप्ता														
		१०-१४	१५-१९	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३		
जम्मा																																

फाराम नं. १.२

अभिलेख फाराम भर्ने तरिका :

१. यो फाराम स्वास्थ्य संस्थाले आफ्नो संस्थामा आईरन फोलिक एसिड चक्कि खान आएका किशोरीहरुको बारेमा अभिलेख राख्ने फाराम हो ।

२. प्रत्येक चरण (श्रावण देखि असोज सम्म वा माघ देखि चैत्र सम्म)को वितरण कार्य सकिएपछि स्वास्थ्य संस्थाले यसबाट तथ्यांक उतार गरी प्रतिवेदन फाराममा समायोजन गर्ने ।

३. 'उमेर समूह (बर्षमा)'भन्ने महलमा किशोरीको पूरा भएको उमेर लेख्ने र पहिलो पटक नाम दर्ता गर्दा खेरि कति बर्ष पूरा भएको हो, सो उमेरलाई आधार मानी सम्बन्धित कोष्ठमा √ मार्क लगाउने ।

३.क. '१०-१४बर्ष': १० बर्ष पूरा भए देखि १४ बर्ष ११ महिना ३० दिन सम्मको किशोरीहरु (९ बर्ष ११ महिना ३० दिन भन्दा कम उमेरका किशोरीहरुलाई कार्यक्रममा समावेश नगर्ने) ।

३.ख. '१५-१९ बर्ष': १५ बर्ष पूरा भए देखि १८ बर्ष ११ महिना२९ दिन सम्मको किशोरीहरु (१९ बर्ष भन्दा माथिका किशोरीहरुलाई कार्यक्रममा समावेश नगर्ने) ।

४. 'श्रावण देखि असोज सम्म 'महलको हप्ता अन्तर्गतको १३ वटा महलहरुमा १ देखि १३ लेखिएको महलहरुमा किशोरीले आईरन फोलिक एसिड चक्कि खाएको हप्ता मुनिको कोष्ठमा √मार्क लगाउने । त्यसैगरी 'माघ देखि चैत्र सम्म' महल अन्तर्गतको १ देखि १३ हप्ता मुनिको कोष्ठमा पनि√मार्क लगाउने । यदि कारणवश किशोरीले कुनै हप्ता आईरन फोलिक एसिड चक्कि खान छुटेको छ भने सो हप्ता अन्तर्गतको कोष्ठमा '-'मार्क लगाउने ।

५. '१३ हप्ता खाएको महल' मा यदि किशोरीले पहिलो चरणमा हरेक हप्ता एक मात्रा खाएर पूरा १३ हप्ता खाएको छ भने √ मार्क लगाउने । अन्यथा '-' मार्क लगाउने ।

६. '२६ हप्ता खाएको महल' मा यदि किशोरीले पहिलो चरण र दोश्रो चरणमा हरेक हप्ता एक-एक मात्रा खाएर पूरा २६ हप्ता खाएको छ भने √ मार्क लगाउने । अन्यथा'-'मार्क लगाउने ।

अनुसुची ३
विद्यालयको लागि अभिलेख फाराम

फाराम नं. १.३

किशोरीहरुलाई आईरन फोलिक एसिड वितरण कार्यक्रम
विद्यालयको लागि अभिलेख फाराम

विद्यालयको नाम :..............................

प्रदेश :......................

महा/उप/न.पा/गा.पा.:.........................

वडा नं.:...

साल:..........

कक्षा:.........

क्र. सं.	किशोरीको नाम	उमेर समूह (बर्षमा)		पहिलो चरण (श्रावण देखि असोज सम्म) हप्ता													१३ हप्ता खाएको	दोश्रो चरण (माघ देखि चैत्र सम्म) हप्ता													२६ हप्ता खाएको	कैफियत
		१०-१४	१५-१९	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३		
जम्मा																																

फाराम नं. १.३

अभिलेख फाराम भर्ने तरिका :

१. यो फाराम विद्यालयमा आउने किशोरीहरुलाई आईरन फोलिक एसिड खुवाएको बारेमा विद्यालयले हरेक कक्षाले अभिलेख राख्ने फाराम हो ।

२. प्रत्येक चरण (श्रावण देखि असोज सम्म वा माघ देखि चैत्र सम्म)को वितरण कार्य सकिए पछि हरेक कक्षाले यो फाराममा अभिलेख राख्नुपर्नेछ ।

३. विद्यालयले प्रत्येक चरणको वितरण पछि यस फारामबाट तथ्यांक उतार गरी विद्यालयको प्रतिवेदन फाराममा समायोजन गर्नु पर्दछ र अर्को चरणको वितरणको लागि फाराम पनि गर्नु पर्दछ ।

४.उमेर समूह (बर्षमा)भन्ने महलमा किशोरीको पूरा भएको उमेर लेख्ने र पहिलो पटक नाम दर्ता गर्दा खेरि कति बर्ष पूरा भएको हो, सो उमेरलाई आधार मानी सम्बन्धित कोष्ठमा √ माव

४.क. '१०-१४बर्ष': १० बर्ष पूरा भएदेखि १४ बर्ष ११ महिना ३० दिन सम्मको किशोरीहरु (९ बर्ष ११ महिना ३० दिन भन्दा कम उमेरका किशोरीहरुलाई कार्यक्रममा समावेश नगर्ने) ।

४.ख'१५-१९ बर्ष: १५ बर्ष पूरा भएदेखि १८ बर्ष ११ महिना२९ दिन सम्मको किशोरीहरु (१९ बर्ष भन्दा माथिका किशोरीहरुलाई कार्यक्रममा समावेश नगर्ने)।

५. 'श्रावण देखि असोज सम्म' महलको हप्ता अन्तर्गतको १३ वटा महलहरुमा १ देखि १३ लेखिएको महलहरुमा किशोरीले आईरन फोलिक एसिड चक्कि खाएको हप्ता मुनिको कोष्ठमा √मार्क 'माघ देखि चैत्र सम्म' महल अन्तर्गतको १ देखि १३ हप्ता मुनिको कोष्ठमा पनि√मार्क लगाउने । यदि कारणवश किशोरीले कुनै हप्ता आईरन फोलिक एसिड चक्कि खान छुटेको छ भने कोष्ठमा '-'मार्क लगाउने ।

६. '१३ हप्ता खाएको महल' मा यदि किशोरीले पहिलो चरणमा हरेक हप्ता एक मात्रा खाएर पूरा १३ हप्ता खाएको छ भने √मार्क लगाउने । अन्यथा '-'मार्क लगाउने ।

७. '२६ हप्ता खाएको महल' मा यदि किशोरीले पहिलो चरण र दोश्रो चरणमा हरेक हप्ता एक-एक मात्रा खाएर पूरा २६ हप्ता खाएको छ भने √मार्क लगाउने । अन्यथा'-'मार्क लगाउने ।

८. जम्मा महलको लाइनमा निम्नमहलहरुको जम्मा संख्या लेख्ने:

८.क. उमेर समूहको १०-१४ र १५-१९ बर्षका किशोरीहरुको जम्मा संख्या,

८.ख. १३ हप्ता खाने किशोरीहरुको जम्मा संख्या,

८.ग. २६ हप्ता खाने किशोरीहरुको जम्मा संख्या ।

अनुसुची ४
स्वास्थ्य संस्था स्तरीय प्रतिवेदन फारम

फाराम नं. २

किशोरीहरुलाई आईरन फोलिक एसिड वितरण कार्यक्रम
स्वास्थ्य संस्था स्तरीय प्रतिवेदन फारम

स्वास्थ्य संस्थाको नाम:..................

गापा/नपा: ....

साल :.........

महिना :.........

प्रतिवेदन अवधि : श्रावण-असोज/माघ-चैत्र

सि.नं.	विवरण	आईरन फोलिक एसिड चक्कि खाने किशोरीहरुको संख्या					कैफियत
		किशोरीहरुको उमेर समूह (बर्षमा)			१३ हप्ता खाने किशोरीहरुको संख्या (श्रावण-असोज अवधिको प्रतिवेदनमा मात्रै भर्ने)	२६ हप्ता खाने किशोरीहरुको संख्या (माघ-चैत्र अवधिको प्रतिवेदनमा मात्रै भर्ने)	
		१०-१४	१५-१९	जम्मा			
१.	स्वास्थ्य संस्थाबाट वितरण गरिएको						
२.	म.स्वा.स्व.से. बाट वितरण गरिएको						
३.	विद्यालयहरुबाट वितरण गरिएको						
जम्मा							

प्रतिवेदन तयार गर्ने व्यक्तिको

नाम:
पद:
मोवाइल नं.:
सहि:
मिति:

प्रमाणित गर्ने व्यक्तिको

नाम:
पद:
मोवाइल नं.:
सहि:
मिति:

फाराम नं.२.१

प्रतिवेदन फाराम भर्ने तरिका :

१. यो प्रतिवेदन फाराम हरेक चरणको वितरण पछि स्वास्थ्य संस्थाले सम्बन्धित नगर/गाउँपालिकाको स्वास्थ्य शाखामा बुझाउने फारम हो। बर्षको दुई पटक यो प्रतिवेदन बुझाउनु पर्दछ।

२. यो प्रतिवेदन भर्दा स्वास्थ्य संस्थाले सम्बन्धित म.स्वा.स्व.से. हरु तथा सम्बन्धित विद्यालयहरुका प्रतिवेदनलाई समायोजन गरी सम्बन्धित पालिकामा रहेका स्वास्थ्य शाखामा बुझाउने। पालिका मातहतका स्वास्थ्य संस्थाहरुबाट प्राप्त प्रतिवेदनलाई संयोजन गरी नगर/गाउँपालिकाले सम्बन्धित प्रदेश तथा परिवार कल्याण महाशाखा (बोधार्थ IHMIS शाखामा) बुझाउने।

३. साल र महिनामा कुन सालको कुन महिनामा प्रतिवेदन पठाएको हो, सो उल्लेख गर्ने।

४. प्रतिवेदन अवधिमा कुन अवधिको प्रतिवेदन हो, सो मा गोलो घेरा लगाउने। यदि श्रावण-असोज अवधिको प्रतिवेदन हो भने त्यसमा गोलो घेरा लगाउने र माघ-चैत्र अवधिको प्रतिवेदन हो भने, सो भने त्यसमा गोलो घेरा लगाउने

५. आईरन फोलिक एसिड खाने किशोरीहरुको संख्या महलमा:

> ५.ग. १३ हप्ता खाने किशोरीहरुको संख्या महलमा पहिलो चरणको प्रतिवेदनमा मात्रै भर्ने, किनकि त्यस अवधिमा किशोरीहरुले शुरुको १३ हप्ता खाएको वा नखाएको भन्ने मात्रै जानकारी प्राप्त हुन्छ। यो जानकारी म.स्वा.स्व.से. को अभिलेख फाराम र विद्यालयको प्रतिवेदन फारामको १३ हप्ता खाएको महलको अन्तिम लाईनमा जम्मा संख्यावाट लिने।
>
> ५.घ. '२६ हप्ता खाने किशोरीहरुको संख्याम हलमा दोश्रो चरणको प्रतिवेदनमा मात्रै भर्ने, किनकि त्यस अवधिमा मात्रै किशोरीहरुले बर्षमा २६ हप्ता खाएको वा नखाएको भन्ने जानकारी प्राप्त हुन्छ। यो जानकारी म.स्वा.स्व.से. को अभिलेख फाराम र विद्यालयको प्रतिवेदन फारामको २६ हप्ता खाएको महलको अन्तिम लाईनमा जम्मा संख्याबाट लिने।

६. उमेर समूह अन्तर्गत जम्मा महलमा १०-१४ र १५-१९ बर्ष दुवै समूहका किशोरीहरुको संख्या जोडेर आएको जम्मा संख्या लेख्ने।

अनुसुची ५
विद्यालयको लागि प्रतिवेदन फाराम

फाराम नं.२.२

किशोरीहरुको लागि आईरन फोलिक एसिड वितरण कार्यक्रम
विद्यालयको लागि प्रतिवेदन फाराम

नगर/गाउँपालिकाको नाम.................. प्रदेशः ....
वडा नं :...... बिद्यालयको नाम :..............................
महिनाः.................. प्रतिवेदन अवधि : श्रावण-असोज/माघ-चैत्र

सि.न.	कक्षा	आईरन फोलिक एसिड खाने किशोरीहरुको संख्या					कैफियत
		किशोरीहरुको उमेर समूह (बर्षमा)		जम्मा संख्या	१३ हप्ता खाने किशोरीहरुको संख्या (श्रावण-असोज अवधिको प्रतिवेदनमा मात्रै भर्ने)	२६ हप्ता खाने किशोरीहरुको संख्या(माघ-चैत्र अवधिको प्रतिवेदनमा मात्रै भर्ने)	
		१०-१४	१५-१९				
जम्मा							

प्रतिवेदन तयार गर्ने व्यक्तिको
नामः
पदः
मोवाइल नं.:
सहिः
मितिः

प्रमाणित गर्ने व्यक्तिको
नामः
पदः
मोवाइल नं.:
सहिः
मितिः

फाराम नं.२.२

प्रतिवेदन फाराम भर्ने तरिका :

१. यो प्रतिवेदन फाराम हरेक चरणको वितरण पछि विद्यालयले सम्वन्धित स्वास्थ्य संस्थामा बुझाउने । बर्षको दुईपटक यो प्रतिवेदन बुझाउनु पर्दछ ।

२. यो प्रतिवेदन भर्दा विद्यालयले सबै कक्षाहरुको अभिलेखलाई संयोजन गरी भर्नुपर्ने हुन्छ ।

३. साल र महिनामा कुन सालको कुन महिनामा प्रतिवेदन पठाएको हो, सो उल्लेख गर्ने ।

४. प्रतिवेदन अवधिमा कुन अवधिको प्रतिवेदन हो, सो मा गोलो घेरा लगाउने । यदि श्रावण-असोज अवधिको प्रतिवेदनहो भने त्यसमा गोलो घेरा लगाउने र माघ-चैत्र अवधिको प्रतिवेदन हो भने, सो भने त्यसमा गोलो घेरा लगाउने

५. आईरन फोलिक एसिड खाने किशोरीहरुको संख्या महलमा:

५.क. उमेर समूह अन्तर्गत जम्मा महलमा १०-१४ र १५-१९ बर्षका किशोरीहरुको संख्या जोडेर आएको जम्मा संख्या लेख्ने ।

५.ख. १३ हप्ता खाने किशोरीहरुको संख्या महलमा पहिलो चरणको प्रतिवेदनमा मात्रै भर्ने, किनकि त्यस अवधिमा किशोरीहरुले शुरुको १३ हप्ता खाएको वा नखाएको भन्नो मात्रै जानकारी प्राप्त हुन्छ । यो जानकारी विद्यालयको कक्षाको अभिलेख फारामको १३ हप्ता खाएको महलको अन्तिम लाईनमा जम्मा संख्याबाट लिने ।

५.ग. '२६ हप्ताखाने किशोरीहरुको संख्यामहलमा दोश्रो चरणको प्रतिवेदनमामात्रै भर्ने, किनकि त्यस अवधिमा मात्रै र किशोरीहरुले बर्षमा २६ हप्ता खाएको वा नखाएको भन्ने जानकारी प्राप्त हुन्छ । यो जानकारी विद्यालयको अभिलेख फारामको २६ हप्ता खाएको महलको अन्तिम लाईनमा जम्मा संख्याबाट लिने ।

६. उमेर समूह अन्तर्गत जम्मा महलमा १०-१४ र १५-१९ बर्षका किशोरीहरुको संख्या जोडेर आएको जम्मा संख्या लेख्ने ।